# नेपालमा सार्वजनिक सुरक्षा
# एक विवेचना



राजेन्द्र सिग्देल*

## १. पृष्ठभूमि

जीवन यापनका लागि आनन्दमय र मैत्रीपूर्ण वातावरण चाहिन्छ । मानवका लागि आजको विश्व तनावपूर्ण एवं सन्त्रासमय छ । पृथ्वीमा बसोबास गर्ने आधाभन्दा बढी जनसङ्ख्या गरिबी र अभावबाट पीडित छन् । डरलाग्दो गरिबी, कुपोषण, रोगव्याधिबाट पीडित करोडौं मानिस बाँच्नका लागि सङ्घर्ष गरिरहेका छन् । थोरै जनसङ्ख्यामात्र चरम विलासितामा रहेको पाइन्छ । यसप्रकारको असमानताको उपयुक्त सम्बोधनविना विश्वमा शान्तिको स्थापना सहज हुने देखिएको छैन । गरिब राष्ट्रका लागि वैदेशिक हस्तक्षेप, राजनीतिक अस्थिरता र सामाजिक असुरक्षा सामान्य भएका छन् । इतिहासमा राज्यराज्यका बीच तथा राज्यभित्र भएका जातीय द्वन्द्व, युद्ध, विद्रोहका समाचार सामान्य लाग्छन् ।

आन्तरिक एवं राष्ट्रिय सुरक्षा सबल भएमा राज्य सञ्चालन प्रणालीको संरक्षण र संवर्द्धन, भयत्रास एवं चुनौतीबाट मुक्त भई नागरिकहरूमा आफ्नो सरकारप्रतिको भरोसा र विश्वास बढ्न सक्छ । कानुन र व्यवस्थाको पालना हुन सके सरकारको स्थायित्व र स्थिरतामा टेवा पुग्छ । यसका विपरीत आन्तरिक हिंसा, नागरिक अवज्ञा र सबै क्षेत्रमा हुने अस्तव्यस्तताले देश नै असुरक्षित हुन सक्दछ । राजनीतिक उद्देश्यले गरिने लगातारको आन्दोलन, हड्ताल, निजी एवं सार्वजनिक सम्पत्तिको तोडफोडका कारणबाट द्वन्द्वले सशस्त्र रूप लिन सक्दछ । यसर्थ हरसम्भव उपाय अपनाई द्वन्द्वका कारक तत्त्वहरू सुरुमा नै पहिचान गरी सुरक्षाको प्रत्याभूति दिलाउनु अपरिहार्य हुन्छ ।

सबै प्रजातान्त्रिक राज्य र सरकारको समान चासोका रूपमा सार्वजनिक सुरक्षा रहने गर्दछ । मानवीय एवं दैवी विपत्तिबाट नागरिकलाई सुरक्षित राख्नु तथा जीवनयापनका लागि पेसाव्यवसायलाई डरत्रासबाट मुक्त बनाउनु सरकारको दायित्वभित्र पर्दछ । बृहद् सार्वजनिक सुरक्षाअन्तर्गत सामुदायिक सुरक्षा, राष्ट्रिय सुरक्षा आदिका अतिरिक्त राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक एवं पर्यावरणीयलगायत मानवीय जीवनसँग सरोकार रहेका क्षेत्रमा सुरक्षाको प्रत्याभूति हुनु आवश्यक छ । यस लेखमा यिनै विषयवस्तुलाई संक्षिप्त रूपमा जानकारी दिने प्रयत्न गरिएको छ ।

## २. शान्तिको अर्थ

सामान्यतः शान्ति भन्नाले युद्ध, हिंसा, द्वन्द्व, बाधाव्यवधान, आन्दोलन आदिबाट मुक्त हुने अवस्थालाई जनाउँछ । अशान्त एवं शत्रुतापूर्ण अवस्थाबाट मैत्रीपूर्ण अवस्थामा रूपान्तरण भई शान्तिपूर्ण सहअस्तित्व कायम रहनु नै शान्ति हो । शक्तिको सन्तुलन र नियन्त्रणबाट नै शान्ति बहाली हुन सक्छ । अन्तरराज्य हिंसा अथवा युद्ध नहुँदा शान्तिको स्थापना हुन सक्दछ । यसका साथै शान्ति स्थापनाका लागि मानव एवं महिला

---

* शाखा अधिकृत, गृह मन्त्रालय ।

अधिकारको प्रत्याभूति, पर्यावरणीय संरक्षण एवं आर्थिक विकास, अहिंसा तथा व्यक्तिगत रूपान्तरण जरुरी मानिन्छ। देशमा आर्थिक सम्पन्नता भए रोजगारीका अवसर उपलब्ध हुने, आर्थिक गतिविधि बढ्न गई गरिबी घटाउन र हिंसालाई न्यूनीकरण गर्न मद्दत पुग्दछ। प्रजातान्त्रीकरण र उदारीकरणका माध्यमबाट राजनीतिक स्थायित्व हासिल हुँदा पनि शान्ति सुव्यवस्था कायम हुने देखिन्छ। यसर्थ राजनीतिक सुधार र आर्थिक विकास भएको प्रजातान्त्रिक प्रणालीमा सहज रूपमा शान्ति स्थापना गर्ने वातावरण बन्न सक्दछ। भौतिक उपस्थितिले मात्र नभएर आत्माले अनुभूति गर्ने प्रकृतिको भयरहित अवस्थालाई शान्ति भन्न सकिन्छ।

## ३. सुरक्षाको अर्थ

सुरक्षाको अर्थ सुरक्षित जीवन यापन गरिने अवस्था हो। डर, त्रास, अभाव, गरिबी आदिबाट उन्मुक्तिको प्रत्याभूति नै सुरक्षा हो। नागरिकलाई आफ्नो पेसाव्यवसाय सञ्चालन गर्न, बोलचाल गर्न, आवागमन आदिमा प्रतिबन्ध नभई स्वतन्त्रताको उपयोग हुनुलाई सुरक्षा मानिन्छ। सरकारको महत्त्वपूर्ण कार्यमध्येको एक सार्वजनिक सुरक्षा हो। यसअन्तर्गत नागरिक एवं सङ्घसंस्थाहरूको सामुदायिक सम्पन्नता र असल जीवनयापनको रक्षाको सुनिश्चितता पर्दछ। जीवन रक्षा एवं सुरक्षा मानिसका नितान्त वैयक्तिक विषयसँग अन्तरसम्बन्धित हुन्, जुन कुरा अब्राहम मास्लोले आवश्यकताको सिद्धान्त (Theory of Necessity) मा औँल्याएका छन्।

परम्परागत रूपमा सुरक्षा भन्नासाथ राज्यले आफ्ना नागरिकलाई बाह्य हस्तक्षेपबाट जोगाउनु, सैनिक आक्रमणबाट बचाउनु मानिन्थ्यो भने यसको अर्थ व्यापक भई नागरिकलाई जीवन यापन गर्न, आफ्नो समपन्नता र स्वतन्त्रताका लागि डररहित भएर बस्न मद्दत गर्नुलाई सुरक्षा मानिएको छ। सरुवा रोगको नियन्त्रण, गरिबीबाट उन्मुक्ति, अशिक्षाको अन्त्य, अकस्मात् आइपर्ने मानवीय तथा प्राकृतिक विपत्तिबाट बचावट, स्तरीय जीवन यापनका लागि सहज वातावरण सिर्जना आदि सुरक्षाअन्तर्गत पर्दछन्। देशको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रका मूल्यमान्यता जगेर्ना गर्नमा सुरक्षा स्थितिले सघाउ पुऱ्याउन सक्छ।

राष्ट्रिय सुरक्षाका बारेमा समेत समय, सन्दर्भ र स्थान विशेषका आधारमा व्याख्या गर्ने गरिएको पाइन्छ। सन् १९९४ मा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमबाट प्रकाशित मानव विकास प्रतिवेदनमा मानवीय सुरक्षाका बारेमा उल्लेख गरिएको छ। दीर्घकालीन शान्तिका लागि गरिबी र हिंसाबाट पीडित नागरिकको उद्धार गर्नु नै सुरक्षा हो। डर र त्रासबाट स्वतन्त्र रहने एवं मानवीय आधारभूत आवश्यकताको परिपूर्ति हुने अवस्था सिर्जना हुनुलाई शान्तिको विजय मानिन्छ।

## ४. सार्वजनिक सुरक्षा

जनताको जीवन र सम्पत्तिको सुरक्षा गर्नु, जनआकाङ्क्षाअनुरूप प्रभावकारी र दक्ष सेवाप्रवाह गर्नु एवं जनतामा निहित अवशिष्ट अधिकार, प्रजातान्त्रिक प्रणाली, आधारभूत मानव अधिकार, समानता र स्वतन्त्रताको सुदृढीकरण गर्नु सरकारको सार्वजनिक सुरक्षा कार्यअन्तर्गत पर्दछ। यसै गरी कानुनको शासनको पालना गराउनु, जनताको समपन्नता र सहज जीवन यापनका लागि प्राकृतिक र मानवीय आर्थिक सम्भाव्यताको पहिचान, विकास र रक्षा गर्दै स्वतन्त्र, सार्वभौम एवं अखण्डित प्रजातान्त्रिक नेपाल राज्यको सुरक्षा दिलाउनु पनि सुरक्षा व्यवस्था हो। यसका साथै सरकारको प्रभावकारी सुरक्षा व्यवस्थाबाट देशको आन्तरिक शान्ति सुव्यवस्था कायम गरी राष्ट्रिय हितको जगेर्ना मात्र नभई अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा समेत योगदान हुन सक्दछ।

## ५. सुरक्षा र आर्थिक विकासबीच सम्बन्ध

आर्थिक विकासको प्रमुख आधारशीला सुरक्षा स्थितिलाई मानिन्छ। सुरक्षाको अनुभूतिले मात्र मानिसले निर्भयतापूर्वक हात फैलाउन पाउँछ। आर्थिक विकासले औद्योगिकीकरणको अवस्थालाई प्रोत्साहन गर्दछ।

सुरक्षाका कारण व्यक्तिमात्र नभएर देशको समग्र लगानीको वातावरण प्रभावित हुन्छ । राजनीतिक स्थायित्व, जीवन र सम्पत्तिको सुरक्षाको प्रत्याभूति नै उद्योगधन्दा गर्न अनुकूल अवस्था हो, जुन नभएसम्म लगानी गर्न कोही पनि तयार हुँदैनन् । बढ्दो अपराधीकरण, बलजफ्ती चन्दा आतंक, बन्द, हड्ताल र श्रम विवादले उत्पादनमा ह्रास आउने, कच्चा पदार्थ पहुँचमा अवरोध पैदा हुने, बजारमा उत्पादित वस्तु पठाउन कठिनाइ हुने हुँदा लगानीकर्ताको विश्वास घट्न सक्ने हुन्छ । असुरक्षा भएमा उद्योगी व्यवसायीले आफू र आफ्नो सम्पत्तिको सुरक्षा निजी तवरले गर्दा वस्तु तथा सेवाको लागत बढ्न गई आम उपभोक्तालाई महँगीको मार पर्दछ । अपहरण, जबर्जस्ती चन्दा आदिका लक्ष्यित वर्ग नै उद्योगी व्यवसायीहरू हुने गरेका छन् ।

निजी क्षेत्रले सुरक्षा क्षेत्रमा विभिन्न समस्या भोग्नुपरेको छ । युवा बेरोजगारी, ऊर्जा संकट र श्रम विवादका कारण पनि यस क्षेत्रमा समस्या देखिएका छन् । एकातर्फ युवाको विदेश पलायनले देशमा दक्ष र सीपयुक्त जनशक्तिको अभाव भएको छ भने श्रमिकको कमी भएर भारतीय श्रमिकलाई काममा लगाउँदा नेपालीहरूलाई बेरोजगार बनाएको आरोप पनि उद्योगी व्यवसायीलाई लाग्ने गरेको पाइन्छ । यसै गरी जिल्लामा हुने ठेक्कापट्टाका काममा स्थानीय आपराधिक प्रवृत्तिका युवाहरूको परिचालनबाट भित्री चलखेल गरी ठेक्का हात पार्ने कार्य पनि भएका छन् । यस काममा स्थानीय राजनीतिक दल नजिकका कार्यकर्ताहरूको पनि संलग्नता रहेको पाइन्छ ।

यसका साथै विदेशी लगानीकर्ताको एकल वा संयुक्त लगानी भएका परियोजनामा पनि डरत्रास देखाई नकारात्मक असर पार्ने प्रवृत्तिले विदेशी लगानी प्रभावित हुन्छ । उद्योगी व्यापारीहरूलाई धम्की दिने, पैसाका लागि अपहरण गर्ने, तर्साउने, जबरजस्ती चन्दा माग्ने जस्ता समस्या देखिएका छन् । सुरक्षा व्यवस्थामा हुन सक्ने केही कमीकमजोरीको फाइदा उठाउँदै केही उद्योगी व्यापारीहरूसमेत सीमावारपार तस्करी कार्यमा लाग्दा आपराधिक व्यक्तिहरूलाई परिचालन गर्ने र कर छलीमा अग्रसर हुने कार्यले पनि सुरक्षा व्यवस्थामा आँच पुगेको छ । आर्थिक वृद्धिको गति सुस्त भएको तर अवसरहरू फस्टाउन नसकिरहेको अवस्थामा सुरक्षाकै कारणले जोखिमको डर बढ्ने र विश्वासपूर्ण वातावरण नहुँदा पनि यस क्षेत्रमा नकारात्मक असर देखिएको छ । यसका साथै भ्रष्टाचार, राजनीतिक हस्तक्षेप र दण्डहीनताले पनि सुरक्षा व्यवस्था खस्किएको पाइन्छ ।

यस क्षेत्रका सरोकारवालाबीच विद्यमान अविश्वासको अवस्था र भइरहेका विकृति विसङ्गतिलाई सम्बोधन नगरेसम्म समग्र सुरक्षा स्थिति सबल हुन नसकी आर्थिक गतिलाई टेवा दिन सकिँदैन । राजनीतिक क्षेत्रको जिम्मेवारी बोध, सुरक्षा अधिकारीहरूका विचार र व्यवहारमा परिवर्तन एवं उपयुक्त नीति निर्माण तथा यसको प्रभावकारी कार्यान्वयन अनिवार्य मानिएको छ । शान्तिविना समृद्धिको कल्पना गर्न सकिँदैन । यसका लागि नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र निजी क्षेत्रसमेतको व्यापक आधारशीलासहितको साझेदारी अपरिहार्य मनिएको छ ।

## ६. सार्वजनिक सुरक्षामा देखिएका त्रास

सामान्यतः सार्वजनिक सुरक्षा क्षेत्रमा उत्पन्न हुने त्रासका लागि आन्तरिक र बाह्य गरी दुई प्रकारका कारक तत्त्वहरू जिम्मेवार रहेका पाइन्छन् । ती हुन् :

### क) आन्तरिक तत्त्व

विश्वको सर्वोच्च शिखर सगरमाथाको देश, विश्व शान्तिका प्रतिमूर्ति भगवान् बुद्ध जन्मेको देश, बहादुरीको पर्यायवाची गोर्खालीको देशका रूपमा परिचित नेपालमा प्राचीन कालदेखि नै समयसमयमा सुरक्षाका क्षेत्रमा उतारचढाव आएको पाइन्छ । दुई विशाल छिमेकी देशको बीचमा अवस्थित नेपाललाई पृथ्वीनारायण शाहका शब्दमा दुई ढुंगाका बीचको तरुलले यसको संवेदनशील भूराजनीतिक अवस्थालाई इङ्गित गर्दछ । भारतसँगको लामो खुला सीमा, जनआकाङ्क्षामा आएको परिवर्तन, २४० वर्षदेखिको राजतन्त्रको उन्मूलन भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र सुदृढ भइनसकेको नेपालको हालको अवस्थामा

सुरक्षा क्षेत्रमा थुप्रै चुनौतीहरू देखिएका छन् । विगतको एक दशक लामो सशस्त्र द्वन्द्वका अवशेष अझै बाँकी रहेको, आन्तिरिक रूपमा विस्थापितको समस्या समाधान भइनसकेको, आर्थिक एवं अन्य क्षेत्र अझै सहज भइनसकेको, सङ्घीयताको खाका कोर्ने अवस्थामा विभिन्न जातीय, सामुदायिक एवं क्षेत्रीय स्तरमा उठेका गुनासाहरू र तिनको उपयुक्त तवरले सम्बोधन भइनसकेको अवस्थाले देश अझै सङ्क्रमण कालमा रहेको प्रतीत हुन्छ । यसका साथै आन्तरिक बसाइसराइ, लामो समयदेखि रहेका भुटानी शरणार्थीको समस्या, तराई र सहरी क्षेत्रमा देखा परेका साना हतियार, लुटपाट, अपहरण आदि घटनाले पनि आन्तरिक सुरक्षा व्यवस्थामा त्रास एवं चुनौती उत्पन्न गरेका छन् ।

**ख) बाह्य तत्त्व**

बाह्य शक्तिको चलखेल, भूराजनीतिक अवस्थिति, भारतसँगको लामो खुला सीमाबाट हुने तस्करी मानव ओसारपसार, सङ्गठित एवं असङ्गठित आपराधिक गतिविधिहरू, विद्युतीय अपराध आदिले मानव सुरक्षाको जोखिमलाई बढाएका छन् । यसका साथै HIV/AIDS, हतियार एवं विष्फोटक पदार्थ, पर्यावरणीय प्रदूषण आदि बाह्य कारक तत्त्व पनि विद्यमान छन् । यसका साथै विश्वमा समयसमयमा देखा पर्ने आर्थिक मन्दी, सीमापारबाट हुने आतंककारी गतिविधि, विश्वव्यापी रूपमा फैलिने रोगव्याधि, सांस्कृतिक क्षेत्रमा परेका असर आदि सुरक्षा क्षेत्रमा देखिएका त्रासका बाह्य कारक तत्त्व हुन् ।

## ७. सार्वजनिक सुरक्षाका समस्याहरू

आर्थिक विकासका क्षेत्रमा सुरक्षा सम्बन्धमा देखा परेका मूलभूत समस्याहरू बुँदागत रूपमा यसप्रकार छन् :

- निजी तथा सार्वजनिक सम्पत्तिको तोडफोड हुन सक्ने प्रकृतिका श्रम विवाद,
- सशस्त्र र निशस्त्र दुवै प्रकृतिका आपराधिक प्रवृत्तिका समूहहरूको चलखेल,
- चोरी तथा असामाजिक क्रियाकलापमा भएको वृद्धि,
- सुरक्षा निकायमा आवश्यक साधनस्रोतको कमी,
- सुरक्षा निकायप्रति सर्वसाधारणको भरोसामा कमी,
- लगातारको बन्द तथा हड्तालको असर,
- सुरक्षा र न्याय निरूपणमा राजनीतिक हस्तक्षेपको वृद्धि,
- आर्थिक अवसरहरूको कमीका कारण युवाबाट हुने आपराधिक र गैरकानुनी कार्य,
- ससाना विवादले पनि हिंसात्मक रूप लिन सक्ने प्रवृत्तिमा भएको वृद्धि आदि ।

## ८. सुरक्षाका चुनौतीहरू

शान्ति सुव्यवस्था कायम राख्नु सरकारको कार्य भए पनि सरकारको एकल प्रयासले मात्र सुरक्षा व्यवस्था सुदृढ हुन सक्दैन । यस कार्यमा नागरिक समाज, राजनीतिक दल एवं निजी क्षेत्रको पनि उल्लेख्य योगदानको आवश्यकता पर्दछ । नेपालमा सुरक्षा व्यवस्थामा देखा परेका चुनौतीहरू बुँदागत रूपमा यसप्रकार छन् :

- सार्वजनिक सुरक्षाका विषयमा नीति निर्माताको मानसिकता केवल सुरक्षा निकायको उपस्थितिमा जोड दिने र अन्य पक्षउपर विचार नगर्ने प्रकृतिको छ,
- राजनीतिक अस्थिरता, स्थानीय निकायमा निर्वाचित प्रतिनिधिको अनुपस्थिति छ,
- सङ्गठित आपराधिक गतिविधिमा राजनीतिक संरक्षण छ,
- बढ्दो सहरीकरण र अव्यवस्थित बसाइ छ,

- वातावरणीय असुरक्षा बढ्दो छ,
- भाषिक, जातीय एवं क्षेत्रीय विवाद बढ्दो छ,
- सामाजिक पुँजीमा ह्रास र सामुदायिक सद्भावमा विचलन देखा पर्दै छ,
- एक दशक लामो सशस्त्र द्वन्द्व निरूपणका लागि भएको बृहद् शान्ति सम्झौताको इमान्दारीपूर्ण कार्यान्वयनमा ढिलाइ भइरहेको छ आदि ।

## ९. नेपालको सङ्क्रमण कालीन अवस्था र सुरक्षा व्यवस्था

सङ्क्रमण कालमा सुरक्षा व्यवस्था कायम राख्न फरकफरक विचारधारा, स्वार्थ र पृष्ठभूमि भएका समूह एवम् समुदायलाई एकै ठाउँमा ल्याउन कुनै पनि सङ्क्रमण कालीन सरकारका लागि सहज हुँदैन । द्वन्द्वोत्तर अवस्थामा सबै पक्षबीच आपसी समझदारी नभए अविश्वास र असमझदारी पैदा भई पुनः द्वन्द्वमा फर्कन सक्ने अवस्था आउन सक्छ । सङ्क्रमण कालीन परिस्थितिमा पहिलाका द्वन्द्वका अवशेषको पहिचान र तिनबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण नगरी अवसरको उपयोग गर्न सकिँदैन । यसका साथै लामो समयको द्वन्द्व छोटो समयमा भएको सम्झौतामात्रले नटुंगिन सक्छ । एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति, दोहोरो मानसिकता, झुट्टा आश्वासन, अलमल र जालझेलमा अवसर खोज्ने मानसिकताले गर्दा पनि साझेदारबीच भिडन्तको सम्भावना रहन्छ । नेपालमा यिनै विषयमा चिन्तन गरी दिगो शान्ति स्थापनाका लागि सबै पक्षको इमान्दारीको खाँचो छ । यसका साथै अझै पनि गैरराज्य शक्तिसँग राज्यका कामकारबाहीलाई प्रभाव पार्ने सामर्थ्य भइरहेको हालको अवस्थामा सार्वजनिक सुरक्षाको संवेदनशीलता जगजाहेर छ । आपराधिक चरित्र एवं प्रवृत्तिका व्यक्ति/समूह, सशस्त्र जत्था र निहित स्वार्थ भएका प्रवृत्तिले कमजोर सुरक्षा स्थितिबाट फाइदा उठाई देशलाई असफल राष्ट्र बनाउन उद्दत रहेको पाइन्छ ।

## १०. नेपालका भएका कानुनी व्यवस्था

नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यका निर्देशक सिद्धान्तहरूमा निम्नलिखित प्रावधान उल्लेख गरिएका छन् :

१. जनताको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ ।

२. समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र स्वायत्त शासनका माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको उद्देश्य हुनेछ ।

नेपालमा सावजनिक सुरक्षा व्यवस्था मिलाउनका लागि गृह मन्त्रालय र अन्तर्गतका निकायहरू प्रशासन कार्यालयहरू, जनपद प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग परिचालित छन् । यसै सन्दर्भमा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम क्षेत्रीय स्तरमा क्षेत्रीय प्रशासकको अध्यक्षतामा क्षेत्रीय सुरक्षा समिति र जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति गठन भई कार्यरत रहेका छन् । सार्वजनिक सुरक्षाका विषयमा आइपर्ने समस्या समाधानका लागि सुरक्षा समितिले राजनीतिक दल, नागरिक समाज एवं अन्य सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया गरी सुरक्षा प्रबन्ध मिलाउने गरेको पाइन्छ ।

सार्वजनिक सुरक्षा व्यवस्था सुदृढ गर्ने सन्दर्भमा गत वर्ष गृह मन्त्रालयबाट देशको बिग्रिँदो सुरक्षा स्थितिलाई विचार गरी काठमाडौँ उपत्यका, पूर्वी तराईका केही जिल्ला र पूर्वी पहाडका जिल्लालाई लक्ष्यित गरी विशेष सुरक्षा योजना घोषणा गरी कार्यान्वयनमा ल्याइएको थियो । खास गरेर राजमार्गमा हुने लगातारको बन्दलाई रोक्न र हतियारसहितको जत्थाको कार्यमा कमी आएको, अन्य सुरक्षामा देखा परेका समस्या हल गर्न

सघाउ पुगेको एवं सुरक्षाकर्मीको मनोबल उच्च भएको थियो । आपराधिक गतिविधिमा कमी आएको महसुस भएको थियो । जनचेतना अभिवृद्धि गर्ने कार्यमा पहल गरी व्यापक जनसमर्थन हासिल गर्नु जरुरी मानिएको छ ।

## ११. सार्वजनिक सुरक्षा सुदृढ बनाउने उपायहरू

सुरक्षा व्यवस्था कायम गर्नका लागि सबै क्षेत्रको सहभागिता जरुरी हुन्छ । सुरक्षाका चुनौतीहरूलाई रचनात्मक तरिकाले हल गर्दा प्रभावकारी हुन्छ । सरकारबाट प्रजातान्त्रिक मूल्यमान्यतामा आधारित भई कानुनको परिधिअन्तर्गत रहेर सरोकारवालाहरूसँग आपसी समन्वय र सहभागिता गरी कार्य गर्नु आवश्यक हुन्छ । प्रगतिशील विचारधारा र राजनीतिक अभ्यास पनि सँगसँगै लग्नुपर्ने देखिन्छ । यसै गरी नागरिकबाट निर्वाह हुनुपर्ने भूमिकाअन्तर्गत गैरकानुनी कार्यलाई निरुत्साहित गर्ने र आपराधिक कार्यमा नियन्त्रण गर्न सरकारलाई सक्रिय सहयोग गरेमा सुरक्षा व्यवस्था कायम राख्न मद्दत पुग्छ । नागरिकको सहयोगविना सुरक्षा निकायहरूले सहज रूपमा आफ्नो कार्य गर्न सक्दैनन् । यसका लागि इमानदार र नैतिकवान् नागरिकको योगदान उल्लेख्य हुन्छ ।

शान्तिसुव्यवस्थाको प्रवर्द्धनमा निजी क्षेत्र पनि विश्वासिलो साझेदार बन्न सक्छ । निजी क्षेत्रले भोगेका सुरक्षा समस्या र डरत्रास सामना गर्न सरकार, दातृ समुदाय र नागरिक समाज एवं निजी क्षेत्रसमेतको सहभागिताले मद्दत पुग्छ । सार्वजनिक सुरक्षाका विषयमा सूचनाको आदानप्रदान, छलफल, अन्तर्क्रिया, रणनीतिक योजना र नीति निर्माणसमेतका कार्यमा निजी क्षेत्रको पनि सक्रिय सहभागिता रहेको पाइन्छ । धेरैजसो स्थानमा उद्योग वाणिज्य सङ्घसमेतको सहकार्यले प्रहरीलाई सुरक्षाको स्थिति मजबुत बनाउन मद्दत पुगेको देखिएको छ । यसै गरी राजनीतिक दलबीचका असमझदारी एवं स्थानीय विवादमा पनि उद्योगी व्यवसायीहरूबाट सहजीकरण गरी सहमति कायम गराउन सफल भएका उदाहरण प्रशस्त छन् । निजी क्षेत्रबाट व्यावसायिक इमान्दारी, पारदर्शिता, गैरकानुनी कार्यमा संलग्न नहुने र आपराधिक क्रियाकलापलाई प्रश्रय नदिने दृढ इच्छाशक्ति र व्यवहार दर्साउनु जरुरी छ ।

सङ्क्रमण कालीन अवस्थामा सरकारले आधारभूत सिद्धान्तहरूको अवलम्बन गर्नुपर्छ । यसका लागि सरकारबाट भएगरेका सम्झौता/वाचाहरूको कार्यान्वयनमा इमान्दारी, सामुदायिक सद्भावका लागि आमसञ्चार अभियानको थालनी एवं सबै समूहलाई आआफ्नो मूल्यमान्यता, पहिचान, समानता एवं प्रतिष्ठाका लागि उपयुक्त वातावरणको निर्माण गरिनुपर्दछ । यसका अतिरिक्त सबैलाई काम र लाभांशमा समान पहुँचको सुनिश्चितता, सशस्त्र समूहलाई आपसी सहमतिका आधारमा हतियारविहीन बनाउनुपर्ने आवश्यकता, उपयुक्त समायोजन र पुनर्स्थापना गर्ने रणनीति अख्तियार गर्दै अर्कालाई आरोप लगाउने, हिंसा बढाउने संस्कारको अन्त गर्नु जरुरी छ । समान र समतामूलक न्याय सम्पादन गर्नुका साथै आर्थिक विकासलाई राजनीतिक प्राथमिकता दिई दिगो शान्ति, पर्यावरणणीय सुरक्षा, विकास र सार्वजनिक सुरक्षाका लागि साझेदारीको भावना विकास गर्न र सामुदायिक मतभिन्नतालाई संवादका माध्यमबाट हल गर्ने प्रयत्न नै शान्ति सुव्यवस्थाका अनिवार्य सर्त मानिन्छन् । यसका साथै युद्धबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, सामाजिक पुनर्मिलनमा सहजीकरण गर्ने, प्रजातान्त्रिक संस्थाहरूको प्रवर्द्धन गर्दा पनि अशान्तिको बीज फस्टाउन पाउँदैन ।

## १२. उपसंहार

नेपालको हालको सङ्क्रमण कालीन अवस्थामा सरकारका क्रियाकलाप बहुआयामिक हुनुपर्दछ । राज्यमा हुन सक्ने जातीय असहिष्णुता, अविश्वास, शंका, बदलाको भावना, अपहेलना आवेग र भिडन्तलाई नयाँ नेपाल निर्माण गर्न नेपाली जनतालाई सुखद् भविष्य र सुरक्षाका लागि अनुभूति दिलाउन पनि यी विषयमा सचेत रहनुपर्ने देखिन्छ । नेपालले सन् २०११ लाई पर्यटन वर्षका रूपमा मनाउन लागेको सन्दर्भमा पनि सुरक्षाको समुचित व्यवस्था गर्नु अनिवार्य छ ।

शान्ति सुव्यवस्था भन्नु नै सुरक्षाको अनुभूति हुनु हो । भौतिक रूपमात्र नभई मानसिक रूपमा समेत सुरक्षित रहेको महसुस गर्नु महत्त्वपूर्ण हुन्छ । सुरक्षित हुन भौतिक तत्परता आवश्यक पर्नुले असुरक्षाको वातावरण विद्यमान रहेको मानिन्छ । यसै सन्दर्भमा हिन्दूहरूको पवित्र ग्रन्थ महाभारतमा उल्लेख भएबमोजिम सुरक्षित अवस्था त्यो हो, जब गरगहनाले सजिएकी नवविवाहिता युवती मध्यरातमा सडकमा डर वा त्रासविना कसैको साथ नभई एक्लै हिँड्न सक्छिन् । यसप्रकारको सुरक्षाको अनुभूति गर्न पाइने समयको प्रतीक्षा नै सार्वजनिक सुरक्षाका क्षेत्रको मुख्य सरोकारको विषय हो ।

## सन्दर्भ सामग्री


Bhatt, Deepak Prakash, Public Security Challenges and the Effective Mobilization of Law Enforcement Agencies, In: Changing Security Dynamics in Nepal, Kathmandu, Nepal, Nepal Institute of Policy Studies.

Bhattrai, Rajan, The Concept of Human Security Dynasmics in Nepal; In: Changing Security Dynamics in Nepal, Kathmandu, Nepal, Nepal Institute of Policy Studies.

Shrestha, ChudaBahadur (Dr.), Public security in Nepal, Nepal: State of the State, 2010, Kathmandu, Nepal, Center for Economic and Social development.

- - -, नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौँ, कानुन किताब व्यवस्था समिति ।

- - -, स्थानीय प्रशासन ऐन, २०२८, काठमाडौँ, कानुन किताब व्यवस्था समिति ।

www.moha.gov.np



यस पत्रिकामा प्रकाशित लेखमा व्यक्त विचार लेखकका स्वतन्त्र एवं निजी हुन् । यसप्रति सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैन । "प्रशासन" पत्रिकामा प्रकाशित लेखबारे विचार प्रवाहित गर्ने प्रतिक्रिया व्यक्त गर्न इच्छुक पाठकलाई आमन्त्रण गरिन्छ । प्रतिक्रिया ४०० शब्दमा नबढाई सफासँग टाइप गरेको हुनुपर्नेछ । प्राप्त प्रतिक्रियाका सम्बन्धमा सम्बन्धित लेखकलाई जानकारी दिई सम्भव भएमा जवाफसमेत प्रकाशित गरिनेछ । केवल व्यक्तिगत रूपमा आरोपित र लान्छित गर्ने अभिप्रायले पठाइएका प्रतिक्रिया प्रकाशनयोग्य मानिने छैन ।